# हाम्रो अभिमत

सानो प्रयासबाट सुरु गरिएको शब्दाङ्कुरको प्रकाशन आज चार वर्षभन्दा अगाडि बढिसकेको छ। यस बाउन्नौं अङ्कको प्रकाशन-अवस्थासम्म आइपुग्दा यसले थुप्रै उतारचढाउहरू बेहोरिसकेको छ। यस्ता उतारचढाउहरूबाट यसले विचलित हुनेभन्दा पनि नवीन-नवीन अनुभवहरूलाई समेट्दै अगाडि बढिरहेको छ। यी अनुभवहरू कहिले तिक्तभन्दा तिक्तरूपमा देखापर्ने गरेका छन् भने कहिले मीठोभन्दा मीठोरूपमा। दुवै अवस्थामा यसको गति लरखराउने अथवा आवश्यकताभन्दा बढी उचालिने सम्भावनाबाट बच्नका लागि यसले सकेसम्मको सचेतता अपनाउने गरेको छ। यति हुँदाहुँदै पनि कहिलेकाहीँ मानवीय त्रुटि घटित भइहाल्छन्। विषपान गरेर पनि नीलकण्ठ उड्न सक्ने र अमृतपान गरेर पनि दुन्दुभी फैलाउनबाट यसले आफूलाई जोगाउने प्रयास गरेको छ। त्यसो भए पनि कहिलेकाहीँ विश्वासमा छिद्र पर्दा यो लरखराउने गरेको छ। यस्ता चुनौतीहरूमा खारिएर अगाडि बढ्न पाउनुलाई यसले सुनौलो अवसरका रूपमा स्वीकार गरेको छ। यसका लागि मात्र यसका शुभचिन्तकहरूको चोखो र नबिटुलिएको सहयोग पाए पुग्छ। यो नै यसले आजसम्म कमाएको एकमात्र अमूल्य सम्पत्ति पनि हो। यसैका आधारमा भविष्यका यात्राहरू निरन्तर रहनेमा आशामात्रै होइन भरोशासमेत व्यक्त गर्न सकिने भएको छ।

शुभचिन्तकहरूसँगको यसै कुमारी सम्बन्धका कारण यसका प्रयासहरू सफल हुँदै आएका छन्। फलस्वरूप यसले पचासौं अङ्कलाई 'साहित्यमा उत्तरआधुनिकता' विषयक विशेष अङ्कका रूपमा प्रस्तुत गऱ्यो। त्यतिले मात्र साहित्यप्रतिको उत्तरदायित्व पूरा हुन नसक्ने हो कि भनी त्यससम्बन्धी एउटा विचारगोष्ठीसमेत आयोजना गर्न सकेमा अझ बढी लाभदायी हुने ठान्यो। त्यसका लागि संस्थागतरूपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानसँग सहकार्यका लागि प्रस्ताव प्रस्तुत हुँदा सहर्ष स्वीकार भयो जसलाई शब्दाङ्कुरले उपलब्धिका रूपमा लियो। शब्दाङ्कुरप्रतिको यो सद्भावले यसलाई अझ बढी उत्साहित पारेको छ। यसका लागि सम्पूर्ण सम्बद्धहरूप्रति पुनः हृदयतः आभार प्रकट गर्नुलाई यसले आफ्नो कर्तव्य ठानेको छ। संस्थागत सहकार्यबाट सम्पन्न भएको उक्त गोष्ठीबाट यसले अमूल्य उपलब्धिहरू पाउन सफल भएको छ। त्यसका सकारात्मक पक्षहरूलाई अझ उन्नत स्तरमा प्रस्तुत गर्न प्रयत्नशील रहने र त्रुटिकमजोरीहरूबाट पाठ सिक्तै दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गर्दछ। सम्भवतः यो नै यसको निर्विवाद वर्तमान हो।

समय, सहभागिता र सहकार्यको हो। लाभ प्राप्त गर्ने वर्गसँगको सहभागिता र सहकार्यले कुनै पनि प्रयत्नलाई परिणामोन्मुख बनाउनेमा आज विवाद गरिन्न। सम्बद्धवर्गको सहभागिता र सहकार्यबिना सम्पन्न गरिने प्रयत्न केवल औपचारिकतामा सीमित रहन पुगे। तिनले उपलब्धिमूलक परिणाम दिनेभन्दा पनि कागजी प्रगतिप्रतिवेदन तयार गर्नमा सहयोग दिए। यसले गर्दा नै सहभागिता र सहकार्यको महत्त्व बढ्दै गएको हो। यसर्थ यस्ता प्रयासहरू कायम रहँदै गएमा यस क्षेत्रमा समर्पित स्रष्टाहरूमा ताजा शक्तिसञ्चार हुनेछ।

नेपाली साहित्यिक पत्रिकाहरूले जुन किसिमका समस्याहरू भोग्दै आएका छन्, तिनबाट शब्दाङ्कुरसमेत अछूत रहन सकेको छैन। यस्ता सार्वभौम समस्याका अतिरिक्त बेहोर्न परेका व्यावहारिक र प्राविधिक समस्याहरूलाई व्यवस्थापन गर्दै अगाडि बढ्नु यसका लागि भविष्ययात्रा भएको छ। यस्तै आवश्यकताहरूकै कारण उपस्थित परिस्कृत र परिमार्जित हुने अवसरलाई यो गुमाउन चाहँदैन। अतः बिब्ल्याँटा परिस्थितिहरूमा पनि सब्ल्याँटाको खोजी गर्ने महायज्ञमा यसले आफूलाई पनि समावेश गरेको छ। यसका लागि मात्र तपाईं सहृदयीहरूका स्वस्थ सद्भावनाको चाहना गरेको छ जसबाट यो तपाईंहामी सबैको प्रिय र साझा सरोकारको विषय बन्न सकोस्।

- धीरकुमार श्रेष्ठ

कविता

**उत्तरआधुनिक भ्रम**

*भोगेन्द्र लिङ्देन*

मधुमासको
त्यो प्रथम मिलन
चिप्लो-चिप्लो रात
बगिरहचो सुलुलु
आदिम ..... आदिम
मानव जोडीझैँ
'आदम' र 'इभ' झैँ
'मेच्छामगेन नाम याप्मी' र 'मेलिङ्गेन कुमेत'□ झैँ
सृष्टिको प्रहरमा
त्यो स्वर्गीय रातसँगै
भविष्यको सन्ततिले
सोधिरहेको थियो
कि ?
'म को हुँ ?'
प्रभाकरण ?

बिन लादेन ?
जर्ज बुस ?
सद्दाम ?
पोलपोट ?
बुद्ध ? गान्धी ?

*□ किरात लिम्बू मुन्धुमका अनुसार सृष्टिको प्रथम मानव जोडी ।*

इदि अमिन ?
बिल गेट्स ?
या सलमान रुस्दी ?
निरुत्तर छु म
ऊ सोधिरहन्छ ?
कि
'मान्छे हुनलाई के चाहिन्छ ?'
देश ?
अणु-बम ?
एके ४७ ?
आत्मघाती आक्रमण ?
इन्टरनेट ?
टी.भी., फ्रिज ?
वासिङ मेसिन ?
या काठमाडौँमा एउटा घर ?
निद्रामा हो या
तन्द्रामा हो
साँच्चै ..... म त्यतिखेर भ्रममा थिएँ
सायद ऊ के बन्छ भनेर ?
उसलाई के बनाउने भनेर ?
तेन्जिङ ?
ज्याक डेरिडा ?
के दिऊँ उसलाई ?
खिया परेको एके ४७ ?
या मसी सुकेको कलम ?
के दिऊँ ? हो, साँच्चै
साइबर च्याटिङ वा
हजुरआमाको परीकथा ?
के माग्छ उसले ?
नाइटभिजन हेलिकप्टर ?
बारुद ?
या बुद्धको दर्शन ?
अनि के बनाउँछ उसले ?
एम्बुस ?
या आत्मघाती आक्रमणको योजना ?
हो,
केही त उसले माग्छ नै
यदि सानैमा पुतली ठानेर
खेलाएको बम पड्केर
मरेन भने
केही बन्छ नै ऊ
तर
आखिर ऊ बन्छ त के ?
........

हो,
त्यही बेलादेखि
तिम्रो गर्भमा मान्छेजस्तै
तर अरू नै केही बाँचेको छ
उत्तरआधुनिक भ्रम हुर्कँदै छ
भयानक भ्रम बोकेर
भयानक यथार्थ बोकेर
– झि.....नो आशा बोकेर ।

# भोकाएका मान्छेहरू

*विमल श्रेष्ठ*

भोकभोकै अभावले
भोकाएका थुप्रै भोकहरू
नङ्ग्याएका थुप्रै निर्वस्त्र
नाङ्गिएका तनहरू
अँगेनोको खरानी फुकेर
अगुल्टो ठोसेर धूवाँ गुम्स्याएर
आँखा चिम्लन्छन्
आफ्नो लाज छोपेझैँ सरम मान्दछन् ।

झ्याल न ढोकाभित्रको स्वतन्त्रताभित्र
वर्षौंदेखि थुनिएर
भित्ताहरू कोपरेर
गाँस भेट्न बाध्य छन्
बिनाहत्कडी
जकडिएर आफूलाई
सन्त्रास र त्रासबीच
आँसु पिएर
खुसी मनाउन बाध्य
भोका घरहरू
भोकाएका मान्छेहरू
इज्जतबिनाको च्यादर ओढेर
लास जिउँदै छोपिरहेछन् ।
– (घ्यालचोक ९, गोरखा)

# मेरो नाम

*इन्द्रकुमार श्रेष्ठ*

नाम राखेका छन् मलाई
हुतिहार छोरो
नामर्द लोग्ने
बहुलाहा ज्वाइँ
बिग्रिएको दाजु
एकोहोरो भाइ
कवि आफैँ भएँ
दोष लगाऊँ कसलाई ।
– (कमलाकुञ्ज, दियाले ३, ओखलढुङ्गा)

# गीत

*इन्दिरा इन्दु*

जिन्दगीमा एउटा आयाम तिमीले थपिदियौ
सपनीमा विपनीमा मेरै नाम जपिदियौ
एक्लो यात्री भएर नै माया खोजीखोजी हिँडेँ
हजारौँको सङ्ख्यामा तिमीलाई रोजीरोजी हिँडेँ ।

चाँदनीको मुख बनी मलाई साथ दिएकोमा
बधाइ छ तिमीलाई मेरै मन लिएकोमा
ममताको भोको हुँदै गाँस खोजीखोजी हिँडेँ
हजारौँको सङ्ख्यामा तिमीलाई रोजीरोजी हिँडेँ ।

दुनियाँको नजरमा कसिङ्गर बने पनि
यो आत्मा दिएकै छु नढल्ने स्तम्भ बनी
पिरतीको माला गाँस्न धागो खोजी हिँडेँ
हजारौँको सङ्ख्यामा तिमीलाई रोजीरोजी हिँडेँ ।

(हाल : काठमाडौँ)

# गजल

*चन्द्र अधिकारी*

१. हात दिएर घात दियौ
चोटैचोटको खात दियौ ।

मुटुमा किलो ठोकेर आज
आँसीको कालो रात दियौ ।

कति तीर्थ रमाउने रहर
होस हराउने मात दियौ ।

टाउको ठोक्दै भन्छिन् उनी
दैव ! यो कस्तो जात दियौ ।

(चुलाचुली ३, इलाम)

*खेमराज जे.एम्.*

२. मेरो गजलले पुलको काम गरोस्
पारखीबीचमा फूलको काम गरोस् ।

अन्याय र अत्याचारका विरुद्ध सधैँ
निर्धक्क बज्ने बिगुलको काम गरोस् ।

गाउँ-समाज र देशकै भलाइ सोच्ने
सुपुत्रले जस्तै कुलको काम गरोस् ।

पाखोबारी र फाँटहरू भिजाउन सक्ने
सुख्खा याममा मूलको काम गरोस् ।

बढ्दै छन् आजकल पापी-अधर्मीहरू
धर्मरक्षार्थ त्रिशूलको काम गरोस् ।

(फापरवारी, मकवानपुर)

# केही हाइकु

*सविना “सिन्धु” अधिकारी*

हिउँझैं चिसो
पहाडी विद्यालय
भैँसीको गोठ ।

आँखाको स्वाद
खोस्टाले भरिएको
मीठो बदाम ।

सेतो कुहिरो
अल्झिएर बसेको
सेतो गाडीमा ।

चराको आँसु
कसैले नदेखेको
रोएर सुँक्क ।

पाकेको अम्बा
रूखमा बाँदर छ
टिपेर खायो ।

हाइकु देश
सम्भावना पढेको
शब्दजालमा ।

(सिन्धुली)

**काव्यांश २**

# मेरो निर्माण

*प्रा. राजेन्द्र सुवेदी*

(हाकाव्यसिर्जनामा लागिपर्नुभएको छ । उहाँको प्रकाशोन्मुख महाकाव्य मेरो निर्माणका अंशहरूलाई हामीले क्रमशः प्रकाशन गर्ने जमर्को गरेका छौँ । - सम्पादक)

१६.
मेरै पूर्वजका अनेक घटना काव्यत्वका हुन् कण
हाम्रै जीवनका विशाल पटका छन् व्याप्त सम्मिश्रण ।
भेट्ने छैन कलासमीक्षक यहाँ गम्भीर सन्दृष्टिको
मात्रै यो कविता लता तरलता हो भावना सृष्टिको ।

१७.
उठ्छन् मानसमै तरङ्ग लहरी पर्थ्यो समुद्रै किन
चम्कन्छन् ग्रहतारका समयमा चाहिन्छ चन्द्रै किन ?
हुन्छन् कर्म विशाल धर्म गहिरो सम्पन्नता खुल्दछ

फक्रन्छन् लटरम्म भै तरुलता सद्भावना फुल्दछ ।

१८.

स्रष्टाका सृजना समग्र बटुली रेट्छौ करौंती भने
नौनी रेट, निषेघ छैन, भनुँ के निर्धक्क भै रेटने ।
नौनी मन्थन गर्दछौ यदि भने लेऊ मधानी तिमी
दृष्टि, प्रस्तुतिमा उदार बन लौ, झन् सावधानी तिमी ।

१९.

के सङ्गीत रियाज गर्छ र कुनै संसारमा कोइली
पीडा पोख्न वसन्तमा पनि कतै बिर्सिन्छ के न्याउली ।
पानी निर्मल स्वादु बन्छ छहरो बाङ्गै भए तापनि
शोभादायक रूप हुन्छ शिशुको नाङ्गै भए तापनि ।

२०.

पन्छीका मृदु गानमा पनि तिमी शास्त्रीय झङ्कारका
खोजौला अब मूर्ख भै दिवसमै आकाशमै तारका ।
यात्रा पर्वतका नदी र नदका अग्ला अनौठा जिमी
व्याख्या विस्तृत पाउँला कि त भनी खोजी गरौला तिमी ।

२१.

सानो पुष्प भनी कहाँ प्रकृतिको शृङ्गार भर्दैन र ?
स्रष्टाले जगका अनेक कणको सम्भार गर्दैन र ?
जैले मानवका विषाक्त मुटुमा अव्यक्त सम्भावना
उम्रिन्छन् सब सिर्जना बिटुलिने आकल्प दुर्भावना ।

२२.

हाँसो बारुदको पराग बटुली फक्रिन्छ नाकैनिर
निन्दाको अनुराग जाल बुनिँदै टाँगिन्छ आँखैनिर ।
सत्ताको भरमा गुथेर पगरी व्यामोहले मण्डित
कुर्लिन्छन् कविता समीक्षक बनी फुस्रे पुड्डापण्डित ।

२३.

हारेका युगमा कथा विजयको खोजी म ल्याऊँ कहाँ
वैशाखी नवपालुवा शिशिरमै रोजी म ल्याऊँ कहाँ ।
सारा मानवता विलुप्त जगमा संवेदना खोजुँ म !
निष्ठा शून्य विशादयुक्त युगमा सद्भावना रोजुँ म ।

२४.

आफ्नै आगनमा सिकार नरको गर्छन् यहाँ बानर
खेलून् जङ्गलमा सिकार कसरी बाँकी कहाँ पो छ र ?
भोगून् दुष्कृतिका विषाक्त गहिरा दुर्गन्धका गर्त कि !
रोजून् नारकिमञ्चभित्र कसरी स्वर्गीय झन् नर्तकी ।

२५.

त्यस्तो सम्भव छैन यो समयमा सारा भताभुङ्ग छ
आस्था संस्कृतिका प्रताडित बनी निष्ठा चटाचुन्न छ ।
यस्मा वार्णिक छन्दका विविधता खोज्दै नखोज्ने गर ।
बेच्छन्दी युगका समग्र गुणले सम्पन्न के पो छ र ?

२६.

जे जस्तो छ छँदै छ भित्र यसमा क्यै छैन है बाहिर
विद्वत्ता बटुली समीक्षक तिमी बन्छौ भने माहिर ।
मेरा चिन्तनको अपक्व क्षमता यस्मा तिमी पाउँछौ
मेरो स्वीकृति आत्मपूर्ण छ सधैं आक्षेप जे लाउँछौ ।

२७.

मेरो सिर्जन सत्यका परिधिको हो नव्य यो सिर्जना
पानी हो तर हैन भव्य सरिता लौ मेट्छ के तिर्सना ?

मैलो भूमि भनेर अन्कन गरी खाद्यान्न फल्दैन र ?
पानीका गतिमा प्रकाश बटुले के दीप बल्दैन र ?

२८.

सारा सिर्जनका कला कुशलता सौन्दर्यका प्राप्ति हुन्
निष्ठा आर्जनबाट मात्र बुझिने आनन्द सम्प्राप्ति हुन् ।
आँखै छैन भने प्रकाश कसरी अर्थिन्छ यो विश्वमा ?
कानै छैन त गीतको मधुरता अर्थिन्छ के विश्वमा ?

२९.

सुन्दै गर्जन मेघको करुषता निर्मुग्ध हुन्छन् कुनै
राखी मेसिन कानका विवरमा निष्कर्ष दिन्छन् कुनै ।
अन्धा बन्दछ ढुक्क वप्र पहरा छामेर हाती भनी
आफैँ पर्दछ मख्ख वस्तु नचिनी उन्मादताका मनी ।

३०.

छैनन् जीवनका अथाह गहिरा दृष्टान्त यौटै यहाँ
त्यस्तै दर्शनशास्त्रका गहकिला सिद्धान्त नौला यहाँ ।
बग्दो जीवनका समग्र गतिमा आवेग आउन्न र ?
तिर्खा मेट्न नदी तलाउतिर के तिर्खालु धाउन्न र ?

३१.

जो मान्छेसँग छैन बोध गतिलो वैविध्यता भेदका
व्याख्या गर्दछ शक्तिहीन रसना बोकेर सुस्वादका ।
संज्ञा शून्यत्वचा लिएर जिउमा संवेदना स्पर्शन
आफैँले अनुभूति गर्छ र कहाँ आनन्दको कर्षण ।

३२.

मट्टीका कण वृक्षमाथि कमिला बोकेर चढ्दैन र ?
मान्छे जीवनलक्ष्य बिन्दु सहजै आकल्प बढ्दैन र ?
होचो पर्वत हो भनी क्षितिज के आएर झुक्दैन र ?
मान्छे ईश्वर हैन ऊ प्रकृति हो सिद्धान्त चुक्दैन र ?

३३.

उर्जा थोर मिल्यो भने जमिनमा उम्रिन्न के आँकुरा
आफैँ चढ्दछ योग साधक स्वयं सङ्कल्पको टाकुरा ।
यात्री साहसले नियाल्छ नजिकै उद्देश्य गन्तव्यको
मान्छेले अनुहार फेर्दछ स्वयं सम्पूर्ण ब्रह्माण्डको ।

३४.

स्रष्टा सिर्जनका अनन्त पथमा रोकिन्न कैल्यै पनि
मान्छे सिर्जनको अथाह बल हो फैलिन्छ जैले पनि ।
ईर्ष्याका बुकुरा उठाइ जगमा मान्छे स्वयं बस्तछ
श्रद्धा नैष्ठिकता विनष्ट नगरी मान्छे त्यहीँ बस्तछ ।

३५.

सुँग्दो गन्ध विनाशपीडित भए आध्रेयता पाउला
नासाको गति धर्महीन छ भने तात्पर्य के लाउला ?
मान्छे आज युगान्तका कलहमा संवेदना शून्य छ ।
आस्था जीर्ण बनेर रिक्त टिकुटी आद्यन्त निर्गम्य छ ।

३६.

अग्लो पर्वत नम्र भै निहुरिए चढ्थे चुलीमा सबै
स्रष्टाले सृजना रचेर सजिलो सङ्गीत देला कबै ।
मेरो निर्मितिमा अनन्त युगका संस्कार खर्चे पनि
आफैँ बन्दछ धारणा सहजमै मैले नअर्जे पनि ।

३७.

सारा पञ्च प्रपञ्च तत्त्व बटुली यो देह निर्माण भो

भोगी भौतिक सत्वको सबलता त्यागेर निर्वाण भो ।
मैले नूतन सिर्जना लहरमा संवेदना पाइनँ
थोरै कल्पित सत्य देख्छु धमिलो-सङ्लो यसैमा किन ?

३८.

एकै ठाउँ अनन्त स्वाद रसको संयोग पाइन्छ र ?
आफैँ भित्र पवित्र तीर्थ छ भने अन्यत्र धाइन्छ र ?
हाम्रो जीवन कल्पनाजगतमा आद्यन्त संवेद्य छ
सद्वृत्ति व्यवधानका लहरमा आकल्प दुर्भेद्य छ ।

३९.

माथि टाढा कतै शब्द निःशब्दको
नाद झन् घन्कियो व्यक्त-अव्यक्तको ।
फैलियो कालिमा व्योमसन्धानमा
अड्न सक्ला र को तीव्र तूफानमा ।

४०.

वितण्डा आँधीको गति नियतिमै निर्भर भयो
नलेखौँ वा लेखौँ कलम कविको धर्मर भयो ।
अँध्यारो फैलायो गगनपथको आयतनमा
उड्यो धूलो-मैलो दिशविदिश ढाकी गगनमा ।

*(प्रथम सर्ग समाप्त)*

*क्रमशः*

***लघुकथा***

# धरातल

*पुष्करराज भट्ट*

जमुनाप्रसाद आफ्नो मन परेको मानिसको प्रशंसा र मन नपरेको मानिसको निन्दा गर्ने कार्यमा पोख्त थिए । कसैले आफ्नाबारेमा प्रचार गराउनु छ भने उसले जमुनाप्रसादको नजरमा राम्रो देखिनु पर्थ्यो । किनभने उनी अरूका बखान खुब गर्थे । नभएकोलाई पनि बढी देखाउनु र भएकोलाई केही पनि देख्न नसक्नु उनको आदत भइसकेको थियो ।

यस्तै एक दिनको कुरो हो, उनी आफ्ना मन परेका मानिसका बारेमा बखान गर्दै थिए । त्यहाँ उपस्थित एकजना सज्जनले भनिहाले, 'तपाईंले यतिका वर्षदेखि अरूका बारेमा बखान गर्दै आउनुभएको छ । तपाईंले अरूका गुण, दोष बखान गर्ने समय आफ्नो र आफ्नो परिवारको उन्नतिमा लगाए हुँदैन र !' त्यो सुनेर उनी अवाक भए ।

(धनगढी)

# अदृश्य स्रोत

*अनिता वाग्ले*

जिल्लाबाट सरुवा माग्न आएका रूपक कार्यालयमा समयभन्दा अगाडि नै उपस्थित भए । तर हाकिममात्र होइन पिउन पनि आएका थिएनन् ।

बल्लतल्ल अफिसका कर्मचारीहरू आउन थाल्छन् तरपनि हाकिम आएका हुँदैनन् । सरुवाका लागि उसले हाकिमलाई भेट्नैपर्ने हुन्छ । हाकिमको घर देखेका पिउनको घर सर्वप्रथम उसले खोज्दै हिँड्यो ।

पिउनको घर देखेर रूपक अचम्ममा पऱ्यो । ऊ अधिकृत भएर पनि घर त के घर ठड्याउनाका लागि चाहिने जग्गासमेत, त्यो पनि जिल्लामा जोड्न सकेको थिएन । तर पिउनको भव्य महल काठमाडौंमा टाउको निहुराउँदै उभिरहेको थियो ।

(धनकुटा)

# खुमारी

*हरिप्रसाद भण्डारी*

अमरनाथ सर साह्रै नसालु थिए । कहिलेकाहीँ त स्कुल जाँदासमेत मुख गन्हाएको हुन्थ्यो । तिनको त्यो अवस्था देखेपछि केटाकेटीहरू खिसीटचुरी गरेर हाँस्थे । अरू सरहरूले हिंसा गर्थे र गाउँलेहरूले 'लाज पचाएको मास्टर, आफैं त यस्तो छ यस्ताले कस्तो पढाउला' भनेर घृणा गर्थे । व्यवस्थापन समितिको बैठकले उनलाई स्पष्टीकरण सोध्ने निधो गऱ्यो ।

उनले जवाफ दिए, ‘मैले खुमारी पो उतारेको हुँ त कहाँ खाएको हुँ र रक्सी ?’ उनले आफ्नो कुरालाई अर्थाए, ‘सुरुमा २०२६ सालतिर नर्मल तालिममा जाँदा अन्तका सरहरूले कर लगाई-लगाई एक गिलास खुवाए। खुबै नमीठो मानीमानी खाएँ, साह्रै कडा रहेछ, झ्याम्मै लाग्यो। अर्को दिन बिहान उठ्दा टाउको गह्रौं भएको र दुखेको थियो। साथीहरूलाई सुनाउँदा ‘खुमारी उतार्नुपर्छ टाउको दुख्न छोड्छ भनी सल्लाह दिए। अर्को दिन फेरि दुख्यो। त्यो दिन पनि खुमारी उतारेँ। एवं प्रकारले टाउको दुख्दै गयो खुमारी उतारेर सञ्चो गराउँदै गएँ। अहिले त खुमारी नउतार्ने हो भने टाउकोमात्र होइन सारा शरीर दुख्छ। त्यसैले मैले खुमारी उतारेको मात्र हुँ, रक्सी खाएको होइन। जिन्दगीमा रक्सी खाएको त त्यही एक दिनमात्र हो, २०२६ साल असार २७ गतेको राति।’

उनको जवाफ सुनेर समितिका पदाधिकारीहरू हेरेको हेर्‍यै भए। उता अमरनाथ सर खुमारी उतार्न भट्टीतिर लागिसकेका थिए।

**नोबेलपुरस्कार विजेता**

# इमरे केर्टेस

*गोविन्दबहादुर कार्की*

*□ यहुदी भएकै कारण जीवनभरि यातना, अपमान र तिरस्कारको सामना गर्दै आत्मवृतान्त शैलीमा तथा अस्तित्ववादी, अनीश्वरवादी, विसङ्गतिवादी चिन्तनका प्रभावले साहित्य सृजना गर्ने साहित्यकार हुन् इमरे केर्टेस। सन् १९२९ को नोभेम्बर ९ तारिखमा जन्मिएका केर्टेस आफैं पनि अरू यहुदीहरूसँगै यातनाशिविरमा कैद भएका थिए। जीवन र जगत्का विविध पक्षलाई आफ्ना रचनामा समेट्न पोख्त साहित्यकार केर्टेस अस्तित्ववादी लेखक अल्बेयर कामु र अनीश्वरवादी लेखक फ्रेडरिक नित्से आदि युरोपेली साहित्यकारहरूबाट प्रभावित भएका थिए।*

*□ मान्छेलाई निर्देशित गर्ने उसको स्वतन्त्र विचारबाहेक कुनै अतिरिक्त सत्ता, मूल्य वा आदर्श हुनुहुँदैन। आफ्नो पथको निर्माता र आफ्नो नियतिको स्रष्टा ऊ स्वयं आफैं हो। तर दोस्रो विश्वयुद्धकालीन विध्वंशात्मक, अमानवीय, परपीडक विनाशलीलाले मानवमूल्यलाई नै नष्ट गर्दै सारभूत पक्ष दिग्भ्रमित भएका कुरालाई उक्त कृतिहरूले भावात्मक पक्षका रूपमा समेटेका छन्।*

औपनिवेशिक शासनले अत्याचार, क्रूरता, नरसंहार मच्चाएको देशमा हङ्गेरी पनि पर्दछ। दोस्रो विश्वयुद्धताका सन् १९४४ मा जर्मन सैनिकहरूले जब हङ्गेरी कब्जा गरे त्यहाँका करिब सात हजार यहुदीहरूलाई अउसाबिच र बुखेनवाल्डको यातनाशिविर केन्द्रहरूमा कैद गरे। यहुदी भएकै कारण जीवनभरि यातना, अपमान र तिरस्कारको सामना गर्दै आत्मवृतान्त शैलीमा तथा अस्तित्ववादी, अनीश्वरवादी, विसङ्गतिवादी चिन्तनका प्रभावले साहित्य सृजना गर्ने साहित्यकार हुन् इमरे केर्टेस। सन् १९२९ को नोभेम्बर ९ तारिखमा जन्मिएका केर्टेस आफैं पनि अरू यहुदीहरूसँगै यातनाशिविरमा कैद भएका थिए। जीवन र जगत्का विविध पक्षलाई आफ्ना रचनामा समेट्न पोख्त साहित्यकार केर्टेस अस्तित्ववादी लेखक अल्बेयर कामु र अनीश्वरवादी लेखक फ्रेडरिक नित्से आदि युरोपेली साहित्यकारहरूबाट प्रभावित भएका थिए।

यातनाशिविर कैदबाट सन् १९४५ मा मुक्त भएपछि उनले बुडापेस्टमा भिल्यागेस्याग भन्ने पत्रिका चलाए। तर उक्त पत्रिकाले क्रान्ति र कम्युनिस्टलाई पक्षपोषण गरेको भन्दै सरकारले प्रकाशनमा प्रतिबन्ध लगाइदियो। त्यसपछि दुई वर्षसम्म सैन्य सेवा गरेपश्चात् उनले आफूलाई एक स्वतन्त्र लेखक र चिन्तकका रूपमा चिनाउने कोसिस गरे। तर नाजी शासनका नरसंहार र हङ्गेरीको अनुदारवादी कम्युनिस्ट शासनका कारण विचार र अभिव्यक्ति स्वतन्त्रता थिएन। त्यसैले उनले जीविकाका लागि जर्मनभाषी लेखकहरू, जस्तै नित्से, फ्राइड, जोसेफ रोथ, लडविग विट्गेन्स्टाइन, हचुगोका कृतिहरूलाई हङ्गेरियन भाषामा अनुवाद गरे। हातमुख जोर्ने समस्या-समाधानका लागि उनकी श्रीमतीले पनि केही कमाइ गर्थिन्।

केर्टेसले अल्बेयर कामुको उपन्यास द स्ट्रेन्जरको अध्ययन गरेपछि उनको मस्तिष्कमा ठूलो उथलपुथल आयो। त्यसपछि उनले आफ्नो बाल्यकाल अनि नाजीहरूले यातनाशिविरमा मच्चाएको ताण्डवनृत्यलाई आत्मवृतान्तको शैलीमा सजीव ढङ्गले प्रस्तुत गर्दै फेटलेस भन्ने उपन्यासको रचना गरे। सन् १९९२ मा लेखिएको उक्त कृतिमा केर्टेसले भनेका छन् कि, मानिसले आफ्नो जीवनको मूल्य वा भाग्य ईश्वरमाथि नखोजी विद्रोह वा क्रान्तिद्वारा नै सृष्टि गर्नुपर्दछ। तर जीवनमूल्यको स्थापनार्थ सञ्चालित विद्रोह वा क्रान्ति मानवीय मूल्य र मान्यताको हत्यारा बन्नु हुँदैन। स्वतन्त्र अस्तित्वका लागि भोग्ने अनेकानेक सङ्घर्षहरू र यातनाहरू तथा जीवनका विविध विवशताहरूलाई यस उपन्यासले कलात्मक ढङ्गले विश्लेषण गरेको छ। त्यसै गरी सन् १९८८ मा फिआस्को भन्ने उपन्यास प्रकाशित गरे। यस उपन्यासमा उनले दोस्रो विश्वयुद्धको समयमा यहुदीहरूमाथि जर्मनीमा नाजी शासकहरूले गरेको अत्याचार र सामूहिक हत्याका प्रसङ्गहरू समेटेका छन्। साम्यवादी शासनप्रणालीका अनुदार, अप्रजातान्त्रिक र अधिनायकवादी प्रवृत्तिहरूको तीखो आलोचना गरेका छन्। अझ भन्नुपर्दा केर्टेसको यो कृति यहुदीहरूले भोग्नुपरेको दमन, क्रूर यातना, मृत्यु एवं जर्मनी र अस्ट्रियाका विभिन्न यातनाशिविरहरूभित्र भएका अमानवीय एवं मानवसभ्यताका घिनलाग्दा हृदयविदारक घटनाहरूको अभिलेखीकरण हो। सन् १९९० मा प्रकाशित उनको अर्को उपन्यास कादिदस फर अ चाइल्ड नट बर्नले केर्टेसलाई सफल साहित्यकारको श्रेणीमा उकाल्दै चर्चाको अन्तर्राष्ट्रिय ख्यातिको शिखरमा पुर्‍याइदियो। यसमा उनले ओजपूर्ण व्यङ्ग्यात्मक अभिव्यक्ति प्रकट गर्दै भनेका छन्, “अब पनि आउसबिच र बुखेनवाल्डको

शिविरकेन्द्रहरूको अस्तित्वलाई निरन्तरता दिने हो भने इमान्दारपूर्वक सन्तानउत्पादनमा रोक लगाइनुपर्दछ ।" उनी हिंशा, दमन, आतङ्क, अत्याचार, युद्धविभीषिकाका विरोधी दार्शनिक एवं सर्जकका रूपमा स्थापित भए ।

उनका अन्य प्रसिद्ध कृतिहरूमा द पाथ फाइन्डर (१९७०), द होलो कास्ट एज कल्चर (१९९३), आइ अन्डर क्रनिकल अफ मेटामर्फोसिस (१९९७), द इक्जाइल ल्याङवेज (२००१), लिक्विडेसन (२००३) आदि महत्त्वपूर्ण छन् । मान्छेलाई निर्देशित गर्ने उसको स्वतन्त्र विचारबाहेक कुनै अतिरिक्त सत्ता, मूल्य वा आदर्श हुनुहुँदैन । आफ्नो पथको निर्माता र आफ्नो नियतिको स्रष्टा ऊ स्वयं आफैं हो । तर दोस्रो विश्वयुद्धकालीन विध्वंशात्मक, अमानवीय, परपीडक विनाशलीलाले मानवमूल्यलाई नै नष्ट गर्दै सारभूत पक्ष दिग्भ्रमित भएका कुरालाई उक्त कृतिहरूले भावात्मक पक्षका रूपमा समेटेका छन् ।

उनका कृतिहरू जर्मन, फ्रेन्च, स्विडिस र अङ्ग्रेजी भाषामा अनुवाद भएका छन् । फेटलेसको कथावस्तुमा सन् २००४ मा चलचित्र निर्माणसमेत गरिएको छ । सन् १९८९ मा हङ्गेरीमा भएको राजनीतिक परिवर्तनपश्चात् मात्र सार्वजनिक रूपमा देखिएका केर्टेसले त्यसपछिको प्रायः समय श्रीमती माग्डा केर्टेसका साथ जर्मनीका विभिन्न सङ्घसंस्थाहरूमा साहित्यिक प्रवचन दिएर बिताए ।

उनका साहित्यिक कृतिहरूको विश्वव्यापी आदर्श, मान्यता, जीवन र जगत्को वास्तविक चित्रणले गर्दा उनलाई सन् १९९५ मा 'बान्डवर्ग लिटरेचर पुरस्कार', 'द बुकर प्राइज फर युरोपियन अन्डरस्टचान्डिङ' (१९९७), 'वर्ल्ड लिटरेचर पुरस्कार' (२००२), 'हान्स-साल पुरस्कार' (२००२) का साथै सन् २००२ को नोबेल साहित्य पुरस्कारबाट सम्मानित गरियो ।

**कृतिसमीक्षा**

# खिचडी कविता कृति : सूर्योदयको क्यानभास

*ज्ञानु विद्रोही*

काठमाडौँमा म

अरूले फेरिदिएको सासले बाँच्दै छु सरु

(किशोर न्यौपाने 'यदु' : हालखबर)

सम्बोधन व्यक्तिगत होला, सम्बन्ध पनि त्यस्तै तर यस टुक्राले सुनाएको समाचार व्यक्तिगत हैन । त्यसैले यही सार्वजनिक समाचारसँग होस्टेमा हैँसे थप्दै अरू पाँच हातहरू अघि बढेका छन् काठमाडौँको धुमिल वातावरणबीच भोलिको सुकिलो बिहान निम्त्याउन । चारैतिर धमिलिएको वातावरण, चाहे त्यो प्राकृतिक होस् या मानवीय, माझमा अरूकै सास फेरेर भए पनि उनीहरू भोलिको सूर्योदय स्वच्छ आकाशमा भएको हेर्न चाहन्छन् । आजैदेखि उक्त सूर्योदयका निम्ति क्षितिज कोर्न तम्तयार छन् किनकि भोलिसम्म पर्खंदा कोर्न बाँकी त्यो क्यानभासको वातावरण फेरि परिवर्तन हुन सक्छ । यही सहमतिका माझमा छओटा मनहरू एउटै मञ्चमा बसेर कोरिरहेछन् सूर्योदयको क्यानभास सुकिलोरेशमद्वारा ।

विश्वासको सङ्कट परिरहेको वर्तमानमा आपसी विश्वासको नमुना बनेको यस कृतिभित्रका भावनाहरू आफैँमा स्वतन्त्र पनि छन् । कसैको भावनाले न त कसैलाई काटेको छ न त कसैको चित्त नै दुखाएको छ, बरु एकै विषयमाथि बहुल विचारको संयोजन छ । समावेश कविताहरूमध्ये कतिपय यसअघि नै कैयौँ पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् भने कतिपय नितान्त नयाँ छन् । छजना सर्जकका ८/८ ओटा रचना समावेश गरिएका छन् यसमा । ती रचनाहरू भावगत एवं विषयगत विविधताले पूर्ण छन् ।

नवीन चेत बोकेर युवाहरू उठ्नुपर्ने उद्घोष गर्ने किशोर न्यौपाने 'यदु' का कविताहरूमा समसामयिकता अलौकिक संसारप्रतिको विद्रोह, मृत्युको घोषित सामना, जितको इतिहासमाथि प्रश्न, उत्तरआधुनिकतामाथि व्यङ्ग्य आदि मौलिक विशेषताहरू पाइन्छन् । वर्तमान वातावरणसित अत्यन्त रुष्ट 'यदु' त्यही वातावरणमा बाँच्न विवश भएकामा दुःखी पनि छन् । तर विचारको परिपक्वता हुँदाहुँदै पनि ठाउँठाउँमा गहन शब्दको छनौट हुन नसक्नु र व्याकरणात्मक त्रुटि दोहोरिनु उनको कमजोरी देखिन्छ ।

उता राष्ट्रप्रेमको सन्देश लिएर आएका मणिराम कोइराला 'हतभागी' भ्रष्ट शासनव्यवस्था, हिमवत्खण्डमा रक्तप्रवाह, विकासको नाममा बढेको सामाजिक विकृतिप्रति त्यति नै रुष्ट छन् भने सोही विषयमा खरो उत्रिएका छन्, अर्का सर्जक लोप्चन सलामसिं लामा । उनका कविताहरू कहिले बुद्ध खोज्दाखोज्दै सुनामीसँगै बग्न पुग्छन् भने कहिले डरलाग्दो सपनाबीच नेपालआमाको दर्दनाक कहानी उतार्छन् । तर यी दुवै सर्जकको प्रस्तुतिमा ठाडोपना, कलात्मक कौशल एवं शब्दछनोटमा शिथिलता र व्याकरणात्मक कमजोरी भने प्रशस्तै छन् ।

अर्कातर्फ एक्लै सूर्योदयको क्यानभास उतार्न हतारिएकी रेणुका भट्टका कविताहरूमा नारीसंवेदनाको राम्रो चित्रण पाइन्छ । नारी-मनोविज्ञानसँगै उनका कविताहरूमा परम्परा र इतिहासप्रतिको प्रश्न पनि उत्तिकै सान्दर्भिक छ । अर्की नारीहस्ताक्षर सविना सिन्धु भने प्रकृतिप्रेम र राष्ट्रियतामा डुबेकी छन् । यथार्थलाई कलात्मक शब्दमा उतार्नु उनको मौलिकता हो । बिम्ब-प्रयोगमा उत्साही यी सर्जकबाट विश्वदृष्टिको आकाङ्क्षा
आफैँमा सराहनीय छ । तर यी दुवै सर्जकमा सोही समस्या देखिन्छ जो अरूमा भेटिन्छ ।

तर अरूभन्दा अलि फरक स्वाद बोकेर आएका सुको साइबरका कविताहरू पूर्णतः प्रणयले सिँगारिएका छन् । छोटा तर मीठा उनका कविताहरूमा प्रणयसँगै कथित परम्पराप्रतिको विद्रोह र स्वाभिमानी साहस पनि पाइन्छ । मुद्रण-समस्यासँगै व्याकरणात्मक समस्या एवं खुकुला शब्दप्रयोगले उनलाई पनि छाडेको छैन ।

यसरी हेर्दा यो कृति खिचडी स्वाद बोकेर आएको छ । सामाजिक विकृति, राष्ट्रप्रेम, प्रणयप्रेम, अस्तित्वको लडाइँ सबैका साझा छन् । सरलता खोज्ने क्रममा अति ठाडा शब्दहरूको छनोट र व्याकरणात्मक त्रुटिहरू पनि साझा भएका छन् तापनि विश्वासको सङ्कट र लागूपदार्थको दुर्व्यसनले युवापिँढीलाई पिरोलिरहेका बेला कर्मशील बहुल हातहरू एउटै मञ्चमा हातेमालो गर्दै भोलिको सुन्दर नेपालको चित्र कोर्न आतुर हुनु गर्वको कुरो हो ।

# सागरका कथाहरू

*अरूणबहादुर खत्री "नदी"*

विजय सागर कथाकार र कवि दुवै हुन् । वि.सं. २०३२ देखि २०५९ सम्म प्रकाशित कथाहरू सङ्गृहीत छन् सागरका कथाहरूमा । यस पहिलो कृतिमा कथाकारले आफ्ना अनुभव, भाव र विचारलाई शिल्पशैलीमा उतार्न सकेका छन् । कथा छोटा र पठनयोग्य छन् । कथामा अन्यायप्रति विरोध, लेखकसाहित्यकारले भोग्नुपरेका सन्त्रास आदि कुरालाई देखाइएको छ । सामाजिक, शैक्षिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई यिनका कथाहरूले विषयका रूपमा रोजेका छन् ।

**निबन्ध**

# मृत्युबोध

*बालाकृष्ण अधिकारी*

*... तिनै लासहरूमध्येको अर्को लास म, अब लासको मूल्य तौलिरहेको छु, मुद्रास्फिति बढेका बेलामा । म मेरै मूल्य नापिरहेको छु । एकदिन मूल्य थाहा पाएपछि आफैँलाई बेचेर म मूल्यको विसर्जन गर्नेछु । अनि त्यति बेला म आफ्नो वास्तविक मृत्युबोधको उन्मादले नाचिरहेको हुनेछु, यमराजको कुर्चीमाथि ।*

एउटा गल्ली छिचोलिन्छ । अर्को गल्ली आउँछ भयङ्कर रूप बोकेर । अचेल गल्लीहरू भयङ्कर डरलाग्दा देखिन्छन् । प्रत्येक पाइलामा उन्मत्त उचाइ बोकेर उभिरहेका हुन्छन् घरहरू । घरसँग मृत्यु लुकिरहेको प्रस्ट देख्दछु म । हो ! मृत्यु बोकेका घरहरू उन्मादमा सेमिनार र पार्टीसँग झुलिरहेका छन्, यी गल्लीहरूमा । यहाँ भयानक त्रास ताण्डवनृत्य गर्दछ, तरपनि कसैले देख्दैन किन ममात्र मृत्युको त्रास बोकेर डुलाइरहन्छु, साससहितको लास ।

के गरेको छैन मैले ? सबै थोक गरेको छु । प्रेम गरेको छु, घात गरेको छु, पिएको छु, जिएको छु, च्यातिएको छु, सिएको छु । आफैँलाई बचाउन आफ्नै हत्या गरेको छु । तसर्थ म सर्वहारा, सर्वभक्षी, सर्वभोगी, सर्वनाशी हुँ । मैले काँचा मान्छेको मासु चाखेको छु, उनीहरूको तातो रगत र नुनिलो आँसु
चाटेको छु । मर्दै, मार्दै यस गल्लीको चक्कर काटिरहेको छु । यस गल्लीमा एउटा वस्तु खोजिरहेको छु म, जुन वस्तु संसारले त्यागेको, फालेको र घृणा गरेको छ । हो, म मृत्युको अस्मिता खोजिरहेको छु ।

जन्मैदेखि पोल्टामा मृत्यु बोकेर यस धर्तीमा ओर्लेको म कस्तुरीजस्तै मृत्युगन्ध खोज्न गल्लीगल्ली भौँतारिइरहेको छु । ऐना बोकेर रछ्यानमा, गल्छेडामा, सेपमा निस्सासिँदै म मृत्युलाई उसैको रूपदर्शन गराउन खोजिरहेको छु । अनि आफ्नो टुपी उन्नत गरेर आकाशका तारा र जूनसँग विद्युतीय तरङ्गमार्फत सोधिरहेको छु - 'के तिमीहरूको मृत्यु हुँदैन ?'

चन्द्रमाहरू रुन्छन् । उनीहरू पनि वितृष्णित छन् जिन्दगीदेखि । उनीहरू रातसँग किन साइनो गाँस्छन् ? यही कुराले मेरो मगज रन्थनिन्छ । प्रत्येक रातमा, प्रत्येक अँधेरीमा जूनले शीतसँग मृत्यु मागिरहन्छ । शीतले धर्तीसँग मृत्यु खोजिरहन्छ । मात्र, निरर्थक शोकाश्रु बोकेर हाउभाउसँग जून चम्किरहन्छ । 'मलाई मृत्यु देऊ । हो ! मलाई जिउँदै मर्ने होइन, मरेर मर्ने मृत्यु देऊ ।' उसले यस्तै भनेजस्तो भान पर्दछ मलाई । बुझ पचाएर उसलाई झिझ्याउन सोधिरहन्छु - 'मृत्युबोध कस्तो हुन्छ ?'

म जहाँ जान्छु, एउटा कालो आकार पछिपछि लाग्दछ । आइन्सटाइनले नभोगेको अमूर्त 'सापेक्षतावाद' को अनुभव मसँग छ । मार्क्सले नदेखेको 'साम्यवाद' मेरा सूक्ष्म तन्तुतन्तुमा परिदर्शित छ । मृत्युको दर्शन साम्यवादी भए पनि अचेल यसले दर्शन बदलेझैँ लाग्दछ । हरेक सपनी-बिपनीमा म फ्रायडको 'लिबिडो' सँग सोध्छु - 'के तिम्रो दिन सकिएको छैन ?' वेदका ऋचाहरूमा, गीताका श्लोकहरूमा, म सौन्दर्य र कर्मको गन्ध होइन, कुरूपता र मृत्युको छन्द देख्छु । रानीपोखरी र ताजमहलमा डेरिडा नाचिरहेको देख्छु म । सगरमाथा र धौलागिरिको वैधव्यमा प्रश्नचिह्न लगाउँदै गुराँसका रक्ताम्य परेलीहरूमा मृत्युको आँसु छचल्किरहेको देख्छु । के भएको छ मलाई अचेल ? म प्रत्येक पुल र फूलमा उही त्राटक संसार देखिरहन्छु । पुल भाँचिन्छ, फूल किचिन्छ र मृत्यु हरपल उग्राइरहन्छ । मृत्युको उग्राइले भयङ्कर भूचाल हुन्छ र गल्लीगल्ली, घरघर सबै मृत्युमय देखिन्छन् ।

आजको मान्छे मर्दैन, मारिन्छ विभिन्न प्रयोजनले । अभिमान बैगुनी भएपछि कसको के लाग्छ र ? काल पल्केको छ जिन्दगीसँग । शिखरशिखरमा, कोटकोटमा, तरबारतरबारमा मृत्यु नाच्दछ निर्वस्त्र बनेर । कसको के लाग्छ मृत्यु नाचेपछि । ननाची सुखै छैन ऊसँग । मान्छे मृत्युको पर्याय बन्दो छ । गोली, भोलि, झोली, बोली सबैले मृत्युका अणुबम बोकेर मान्छेका

मूल्यहरूमा पड्काइरहेका छन्, तर म टियरग्याँसको लोलाले एउटा चेतनाको बध गर्न चाहन्छु । अहा, कोठा मर्दैन, न त मर्छ चेतना । भोलि पनि मर्दैन, गोलीले मार्छ, बोली मर्दैन, झोलीले मार्छ । झोली बोक्ने भीखमङ्गा नाङ्गो शङ्करले मार्छ ।

आज बाटामा, सडकमा, कोटमा, भोटमा, नोटमा, बगरमा, नगरमा मान्छेका चिहान अलपत्र छन् । लासहरू बेवारिसे बन्दै भौंतारिएका छन् गल्लीमा, मन्दिरमा, टोलमा । म एक्काइसौं शताब्दीको वैज्ञानिक मान्छे, चन्द्रमामा पाइला टेकेको मान्छे, मरिरहेको छु, कहिले आफूसँग, कहिले आफ्नासँग र कहिले सबैका सँग । नित्से ! तिमी ठीक भन्दै थियौ 'ईश्वर मरिसक्यो ।' तर मृत्यु ईश्वरको मात्र होइन, अचेल त मान्छेको पनि मृत्यु भएको छ, मान्छेको मूल्यको पनि मृत्यु भएको छ । यहाँ लासहरूले लासहरूउपर रजाइँ गर्दछन् । लासहरू लासहरूका शिथिल अङ्गप्रत्यङ्गमा धावा बोल्दै आफ्नो पुरुषार्थ देखाइरहेका छन् । अबको संसार लासहरूको भएको छ । निर्जीव प्रायः अबोला, शिथिल लासहरू उसका दास हुन् । तिनै लासहरूमध्येको अर्को लास म, अब लासको मूल्य तौलिरहेको छु, मुद्रास्फिति बढेका बेलामा । म मेरै मूल्य नापिरहेको छु । एकदिन मूल्य थाहा पाएपछि आफैंलाई बेचेर म मूल्यको विसर्जन गर्नेछु । अनि त्यति बेला म आफ्नो वास्तविक मृत्युबोधको उन्मादले नाचिरहेको हुनेछु, यमराजको कुर्चीमाथि ।

यात्रारम्भ

# बालक

*विविशा नेपाल*

बालक हौँ हामी
बन्नुपर्छ ज्ञानी ।

हामी ठूला हुनेछौँ
देशको विकाश गर्नेछौँ ।

हामीले सिक्नु छ धेरै ज्ञान
अनि बन्छौँ विद्वान् ।

देशको प्रगति गर्नेछौँ
बालक हौँ हामी
बन्नुपर्छ ज्ञानी ।

# शान्ति

*निशा अर्याल*

अखण्ड देशमा अहिले कसरी हल्ला मच्चियो ?
जताततै हरियो थियो, कहाँ हरायो ?
भइसक्यो भष्म भएर अशान्ति
नगर यस्तो अन्याय र अत्याचार ।

तिमी को हौ यस्तो अशान्ति दिने ?
थाहा छैन केवल शान्ति चाहिन्छ
कुन कामले जान्छौ विदेशी मुलुकमा ?
के सोचेका छौ नेपाल अशान्त हुँदा ?

जन्मिएको मानिस भोलिको कर्णधार हो
के सोचे होलान् यी अपाङ्ग देशका जनताले ?
आज आमा रोएकी कारण हामी लाटा भएर हो
किनभने कसैलाई पीर छैन यस देशमा शान्ति जलेकोमा ।

(दरबारमार्ग, गोरखा)

# गीत

*सुष्मा कार्की 'शिरीष"*

किताबकापी पानैभरि अक्षर भयो मीतको
मिठासपन छ हिजोआज हाँसेको अतीतको

चर्किएको ऐनाभित्र आफ्नै मुहार रित्तो भयो
घरको दुःख हेरिरहने मात्रै एउटै भित्तो भयो
त्यो ठाउँको परिवेश स्वर कानैभरि गीत को
मिठासपन छ हिजोआज ....

मुटुभरको माया पोखी दिने मेरो आश थियो
त्यो पनि विवशताको पापी हुरीले लियो ।
दलदलमा भासिएछन् याम हाम्रो प्रीतको
मिठासपन छ हिजोआज .....

(खानीभञ्ज्याङ, ओखलढुङ्गा)

# शिक्षा

*श्वेता भण्डारी*

शिक्षा हो उज्यालो ज्योति
शिक्षा नै हो भविष्यको मोती
शिक्षाप्रति दिनुपर्छ ध्यान
अनिमात्र पाइन्छ राम्रो ज्ञान ।

शिक्षाले चिनाउँछ धर्तीको माटो
शिक्षाले नै देखाउँछ अशल बाटो
शिक्षाले गराउँछ शान्तिको बास
शिक्षाले नै गर्छ खराबको नाश ।

(गौशाला, काठमाडौँ)

# साथी

*गीता विष्ट*

टाढा भए साथी आज
एक्लाएक्लै बस्नुपर्‍यो ।
सम्झनासँगसँगै अघि
हामीले बढ्नुपर्‍यो ।
मिलनपछिको बिछोड
हामी सबैले भोग्नुपर्‍यो ।
टाढा भए पनि साथी
जिन्दगीको बाटोमा हिँड्नैपर्‍यो

(गौरादह ९, झापा)

# गजल

*सपना अधिकारी*

सपनामा हैन सबैले बिपनामा विश्वास गर्नुपर्छ
अतीतका कुरामा हैन वर्तमानमा भर पर्नुपर्छ ।

बितेका उजाड कथाव्यथालाई सम्झनुभन्दा त
अहिलेको यो छोटो जिन्दगीमा राम्रा बुट्टा भर्नुपर्छ ।

सपनाको ठूलाठूला महलमा ज्युन नखोज्नु के हो
हामीले विपनाको वास्तविक झुपडीमा मर्नुपर्छ ।

आधा जीवन सुख भोग्नुपर्ला त आधा जीवन दुःख
दुःख भोग्दा मर्छु नभन्नु अझ कति खोला तर्नुपर्छ ।

(इन्द्रपुर ३, विराटचोक, मोरङ)

# समाचार

काठमाडौँ । पुस । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र यस शब्दाङ्कुर साहित्यप्रधान मासिकको संयुक्त आयोजनामा प्रज्ञा पुस्तकालयमा 'साहित्यमा उत्तरआधुनिकता' विषयक विचारगोष्ठी तथा शब्दाङ्कुरमा प्रकाशित यससम्बन्धी सामग्रीका बारेमा विचारविमर्श कार्यक्रम नेराप्रका उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठीको सभापतित्वमा सम्पन्न भयो । कार्यक्रममा प्राज्ञ गोविन्द भट्टले स्वागतभाषण गर्नुभएको थियो भने प्राज्ञ जीवेन्द्रदेव गिरीले सहभागी सबैलाई धन्यवाद-ज्ञापन गर्नुभएको थियो । प्र.सं. धीरकुमार श्रेष्ठले शब्दाङ्कुरको सङ्क्षिप्त इतिहासका बारेमा प्रकाश पार्दै यसको स्वर्ण अङ्कमा प्रकाशित लेखहरूको छोटो टिप्पणी प्रस्तुत गर्नुभएको थियो । का.सं. देवी नेपालको उद्घोषणमा सम्पन्न कार्यक्रमको मुख्य आकर्षण प्रा.डा. अभिनारायण सुवेदीले प्रस्तुत गर्नुभएको उत्तरआधुनिकतासम्बन्धी प्रवचन रहेको थियो । उहाँले उत्तरआधुनिकताको पृष्ठभूमि, यसका स्वरूपहरू तथा वर्तमानमा यसको सान्दर्भिकताका विषयमा प्रकाश पार्नुभएको थियो । प्रवचन-कार्यक्रमको अन्त्यमा उहाँले सहभागीहरूबाट सोधिएका प्रश्नहरूको उत्तरसमेत दिनुभएको थियो । समयक्रममा जेजस्ता परिवर्तन देखा परे पनि लेखकले जीवन र समाजका अनुभूतिलाई अभिव्यक्ति दिने भएकाले लेख्न छाड्नु नहुने विचार उहाँले व्यक्त गर्नुभयो । कार्यक्रमको अन्त्यमा सभापतिबाट उत्तरआधुनिकतापूर्वका साहित्यका बारेमा चर्चा गर्दै यसका बारेमा आफ्नो मन्तव्य राख्नुभएको थियो ।

काठमाडौँ । पुस । भक्तपुर साहित्य प्रतिष्ठानको आयोजनामा उपाध्यक्ष अगिब बनेपालीको सभापतित्व तथा समालोचक प्रा. राजेन्द्र सुवेदीको प्रमुख आतिथ्यमा कवि मुकुन्द पोखरेलबाट लेखिएका ३७ ओटा कविताहरूको सङ्ग्रह अन्तर्द्वन्द्वका ज्वारभाटाको विमोचन तथा अन्तर्संवाद कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा चंकी श्रेष्ठले कवि मुकुन्द पोखरेलका विविध योगदानका बारेमा बोल्नुभएको थियो भने धीरकुमार श्रेष्ठले कृतिकेन्द्रित समालोचनात्मक विचार राख्नुभएको थियो । यसै गरी साहित्यकार जीवनप्रसाद हुमागाईं तथा प्रा. राजेन्द्र सुवेदीले कविता कस्तो हुनुपर्छ र कवि हुनलाई केकस्ता धर्म निर्वाह गर्नुपर्छ भन्ने विषयमा प्रकाश पार्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सभापतिका तर्फबाट अगिब बनेपालीले समालोचकहरूले पुराना साहित्यकारहरूतिर मात्र नहेरी वर्तमानबाट समेत उदाहरण प्रस्तुत गर्न सक्नुपर्ने मन्तव्य राख्नुभएको थियो ।

चितवन । पुस । साहित्यका क्षेत्रमा योगदान पुऱ्याएबापत प्रमुख जिल्ला अधिकारी तथा साहित्यकार नरेन्द्रराज पौडेललाई पल्लव साहित्यिक पत्रिकाका तर्फबाट सम्मानित गरिएको छ। सोही कार्यक्रममा कवयित्री सरस्वती रिजाल, भागवतशरण न्यौपाने र कपिल अज्ञातलाई पनि सम्मानित गरिएको छ। पत्रिकाका सम्पादक एवम् प्रकाशक ऋषिप्रसाद लामिछानेको सभापतित्वमा सम्पन्न कार्यक्रममा डा. घनश्याम परिश्रमीले सम्मान प्रदान गर्नुभएको थियो ।

प्रस्तुति - भवानी श्रेष्ठ ।

# साहित्यिक हाजिरीजवाफ

## साहित्यिक हाजिरीजवाफ ४१ को परिणाम

सही उत्तर :

१. डा. तारानाथ शर्मा २. घुम्ने मेचमाथि अन्धो मान्छे ३. मदन पुरस्कार गुठी

सहभागी सङ्ख्या ९

सही उत्तर ३

सही उत्तर मिलाउने १. रेणुका भट्टराई, छाउनी, काठमाडौँ २. लक्ष्मी अन्जान असफल अधिकारी, तोपगाछी ७, केर्खा, झापा ।

पुरस्कृत : मिनू श्रेष्ठ, छाउनी, काठमाडौँ ।

*(पुरस्कृत महानुभावलाई अर्धवार्षिकरूपमा निःशुल्क शब्दाङ्कुर उपलब्ध गराइनेछ । प्राप्तिको जानकारी दिनुहोला । - प्र.सं.)*

## साहित्यिक हाजिरीजवाफ- ४५

१. मदन पुरस्कारको स्थापना कहिले भएको हो ?

२. घुर्मी अनुभवन्यासका लेखक को हुनुहुन्छ ?

३. नेपाली साहित्यमा सर्वप्रथम विद्यावारिधी गर्ने महिला को हुनुहुन्छ ?

उक्त तीन प्रश्नको उत्तर तलको कुपनमा लेखेर २०६२ फागुन १५ गतेभित्र आ□नो पत्राचारको ठेगानासहित पत्रिकाको ठेगानामा हुलाकमार्फत् पठाउनु होला । सबै प्रश्नको सही उत्तर पठाउने सहभागीको नाम प्रकाशित गरिनेछ र एक जनालाई गोलाप्रथाद्वारा पुरस्कृत गरिनेछ ।

## शब्दाङ्कुर साहित्यिक हाजिरीजवाफ- ४५

उत्तर १ :- ............................................................................................................

उत्तर २ :- ............................................................................................................

उत्तर ३ :- ............................................................................................................

सहभागीको नाम :- ..................................................................................................

पत्राचारको ठेगाना :- ...............................................................................................

विज्ञापन

*गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता*

यस क्याम्पसमा **क्षब**, **क्षत्र्रफ।** र **द्याब**, **द्याद्याक्ष** का स्तरीय बिहानी कक्षाहरूमा नयाा सेक्सनका लागि
भर्ना खुलेकाले समयमै
सम्पर्क राख्नुहोस् ।

## कोटेश्वर बहुमुखी क्याम्पस

कोटेश्वर, काठमाडौं, फोन ४४८१९४५

## माग सृजना गरौँ

आदरणीय पाठकहरूबाट विभिन्न स्थानमा शब्दाङ्कुर पाइएन । यसको बजार व्यवस्थापन गर्नुपर्‍यो□ भनी अत्यधिक माग आइरहेको छ । तरपनि हामीले वितरणलाई व्यवस्थित गर्न सकिरहेका छैनौं । यस सन्दर्भमा पाठक स्वयंको सहभागिताबाट केही सुधार आउने अपेक्षा गरेका छौँ । अतः आदरणीय पाठकबाट शब्दाङ्कुरको वितरकको काठमाडौंस्थित ठेगाना (जुन तेस्रो पृष्ठमा छ) स्थानीय पत्रपत्रिका विक्रेतालाई उपलब्ध गराएर शब्दाङ्कुर नियमितरूपमा उपलब्ध गराउन अनुरोध भएमा यसको माग सृजना भई बजार व्यवस्थापन हुन सक्छ । यसका लागि पाठक सक्रियता नै सर्वोपरी भएकाले तपाईंहरूको अमूल्य योगदानको अपेक्षा गरेका छौं । अहिलेसम्म यहाँहरूले पुर्‍याइरहनुभएको सहयोगमा यसले एउटा कोसेढुङ्गा थप्नेमा हामी विश्वस्त छौँ ।

## शब्दाङ्कुर-परिवार

नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गर्ने कुरामा जोड दिएको छ । जुनसुकै विचारधाराका भए पनि नेपाली सबै एक हौँ भन्ने भावनाले राष्ट्र निर्माणको काममा अग्रसर हुन सकेमात्र यस देशको विकास तीव्रगतिमा हुन सक्ने हुँदा विचार फरक भएका विषयहरूमा आपसी समझदारी र सहयोगको भावना लिएर छलफल गरी निष्कर्षमा पुग्नु र सम्पूर्ण नेपालीलाई भ्रातृत्वको दृष्टिले हेर्नु प्रत्येक नेपालीको कर्तव्य हो ।

श्री ५ को सरकार

सूचना तथा सञ्चार मन्त्रालय

## सूचना विभाग

शब्दाङ्कुरको 'साहित्यमा उत्तरआधुनिकता' विषयक स्वर्ण अङ्क पढौं ।

पाइने स्थान :

पाठ्यसामग्री पसल, घन्टाघर, काठमाडौं, फोन ४२४३१५०

स्कुल, क्याम्पसका पाठ्यपुस्तक तथा विभिन्न पुस्तकहरु र स्टेसनरी सामानका लागि हामीलाई सम्झनुहोस् ।

पाठ्यसामग्री पसल

घन्टाघर, काठमाडौं, फोन ४२४३१५०

युवाकवि एवं समालोचक देवी नेपालको शास्त्रीय, लोक र गजलको

छन्दसिद्धान्तमा आधारित कृति

छन्द-पराग

भुडीपुराण प्रकाशनबाट प्रकाशित भइसकेको छ, खोजी-खोजी पढौं ।

आगामी आकर्षण

सुरेन्द्र देवकोटा, खगेन्द्र गिरि 'कोपिला', सीता शर्मा उपासना, अविनाश श्रेष्ठ, सपना अधिकारी आदि ।

## प्राप्ति स्वीकार

फूलको डोली, मङ्सिर २०६२, गोरखा ।

## उत्कृष्ट मासिक रचना पुरस्कारसम्बन्धी सूचना

(पाठकीय सहभागितासमेतका आधारमा)

शब्दाङ्कुर-प्रकाशनले चार वर्ष पूरा गरेको अवसरमा उत्कृष्ट मासिक रचना पुरस्कारको व्यवस्था गरिएको छ । यो पुरस्कार शब्दाङ्कुरमा प्रत्येक महिना प्रकाशित हुने रचनाहरूमध्ये उत्कृष्ट ठहरिएको एउटा गद्यरचना र एउटा पद्यरचनालाई नगदरूपमा प्रत्येक महिना दिइनेछ । यसका लागि पाठक-प्रतिक्रिया र विज्ञहरूको मूल्याङ्कनलाई आधार मानिनेछ । अतः सर्जकहरूले आ□ना रचना-सम्प्रेषण गर्न र पाठकहरूले शब्दाङ्कुरमा प्रत्येक महिना प्रकाशित रचनाहरूमध्ये गद्य र पद्यरचनालाई आ□नो अमूल्य मत क्रमानुसार प्रदान गरी सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । यसका लागि इमेल अथवा हुलाक सुविधा दुवै उपयोग गर्न सकिनेछ ।

उत्कृष्ट मासिक गद्य-रचना (पूर्णाङ्क ५२ मा प्रकाशित)

१. लेखक .................... रचनाको शीर्षक ....................... २. लेखक ..................... रचनाको शीर्षक .........................

३. लेखक .................. रचनाको शीर्षक ...................................

उत्कृष्ट मासिक पद्य-रचना (पूर्णाङ्क ५२ मा प्रकाशित)

१. लेखक .................... रचनाको शीर्षक ....................... २. लेखक ..................... रचनाको शीर्षक .........................

३. लेखक .................. रचनाको शीर्षक ...................................

सहभागीको नाम ...................................................... ठेगाना ...........................................................

*(पाठक-मतमा सहभागीमध्ये गोलाप्रथाद्वारा एकजनालाई छ महिनासम्म उपहारस्वरूप निःशुल्क* शब्दाङ्कुर *उपलब्ध गराइनेछ ।)*

# अनुरोध

- अक्षरहरू नबुझिने र अस्पष्ट भएको, शुद्धसाग नलेखिएको, एउटै पानामा दुईओटा रचना लेखिएको कागजको दुवैतर्फ लेखिएको र दायााबायाा पर्याप्त किनारा नछाडिएका रचनाहरू स्तरीय रहादारहादै पनि अस्वीकृत गर्न बाध्य हुने भएकोले उपर्युक्त तथ्यउपर ध्यान दिन आदरणीय लेखकवर्गमा विनम्रतापूर्वक अनुरोध गर्दछौं ।
- रचना पठाउादा झबर्ष सुविधासमेत उपयोग गर्न सकिन्छ । रचना पठाउादा रचनाकार र रचनासाग सम्बन्धित फोटो पठाउनहुन सर्जकहरूमा अनुरोध गरिन्छ ।
- रचना उपलब्ध गराउन तथा पत्रिका प्राप्त गर्न पाठ्य-सामग्री पसल, घन्टाघर, रत्नपार्क (फोन- ४२४३१५०) को ठेगानासमेत उपयोग गर्न सक्नुहुन्छ ।
- सदस्य महानुभावहरूले समयमा पत्रिका प्राप्त गर्न नसक्नु भएमा पत्राचार अथवा फोन नं. ०१-४७८३९१२ मा प्र.सं. अथवा फोन नं. ०१-२०५०१२१ मा का.सं. लाई सम्पर्क राख्नुहोस् ।
- कोही साहित्यकारको योगदानको कदर नभएर ओझेलमा परेको छ भन्ने तपाईंलाई लागेको छ भने व्यक्तिगत विवरणहरू पठाएर हामीलाई सहयोग गर्नुहोस् ।
- यस पत्रिकाको सदस्य बन्नाका लागि शब्दाङ्कुर-प्रतिनिधि वा उल्लिखित फोन नं.हरूमा सम्पर्क राख्नुहोस् ।
- कम्तीमा १० जना सदस्य बनाएर यस पत्रिकाको प्रतिनिधि बन्नुहोस् । सदस्यतारकम यस पत्रिकाको ठेगानामा उपलब्ध गराउनुभएमा प्रतिनिधि बन्न सक्नु हुनेछ । प्रतिनिधिहरूको नाम र ठेगाना पत्रिकामा प्रकाशित गरिनेछ ।

**पाठकीय**

सम्पादकज्यू,

यस पत्रिकाका बारेमा साथीमार्फत थाहा पाएपछि मेरो आकर्षण बढ्न थाल्यो। पत्रिका ज्ञानबर्द्धक लाग्यो। यसमा कमजोरी थोरै भेटिए। यति हुँदाहुँदै पनि चित्रहरू कम भए। यसमा ध्यान पुऱ्याउनुपऱ्यो। यसले चार वर्ष पूरा गरेको उपलक्ष्यमा अझ बढी सफलताका लागि शुभकामना दिन चाहन्छु।

*- नवराज दाहाल ँजीवन्त□, मिर्गे ५, चिलाउनेखर्क, दोलखा।*

विगत चार वर्षदेखि अनवरतरूपमा प्रकाशित भइरहेको शब्दाङ्कुर, मासिक पढ्ने अवसर पाएँ र लाग्यो त्यसमै डुबुल्की मारेर चुमिरहूँ। साहित्यप्रति लगाउ हुनेहरूका लागि मात्र नभएर साहित्य-सृजना गर्नुहुने स्रष्टाहरूका लागि पनि यो एउटा जीवनपथ नै नबन्ला भनेर भन्न सकिन्न। हुन त कुनै एक अङ्क पढेर शब्दाङ्कुरका बारेमा बखान्दा विगतदेखि यसले पुऱ्याउँदै आएको योगदानलाई समेट्न नसकी अन्यायमा पारुँला। तर जे भए पनि हरेक कोणबाट यो विशिष्ट रहेको भन्न म पछि पर्दिनँ।

*– सोम लामिछाने मगर, हात्तीखर्क २, धनकुटा।*